**प्रेस वक्तव्य**

**लुइस आर्वर, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त**

**२०६३ माघ ५**

**काठमाडौं, नेपाल**

नमस्ते,

म फेरि नेपालमा यहाँ आउन पाएकोमा धेरै खुशी छु, र ६ दिनमा फलदायी कार्यको उत्सुकतापूर्वक अपेक्षा गर्दछु। मेरो भ्रमणको उद्देश्य सरकार तथा नेपालका जनता दुवैलाई नेपालमा मानवअधिकार र शान्ति प्रक्रियाप्रति मेरो प्रत्यक्ष सहयोग देखाउनु हो।

सन् २००५ जनवरीमा भएको मेरो पछिल्लो भ्रमणयता महत्वपूर्ण परिवर्तनहरू भएका छन्। एघारवर्षे द्वन्द्वको अन्त्य गर्ने कार्य एउटा महान उपलब्धि भएको छ र दिगो शान्ति तथा समावेशी लोकतन्त्रको निर्माण गर्ने प्रक्रिया एउटा ठूलो चुनौती हो।

यस अतिरिक्त, नेपालमा एउटा कार्यालय स्थापना गर्न, जुन हामीले सन् २००५ मईमा गऱ्यौं, मलाई अनुरोध गर्नेलगायत नेपालका सरकार र जनताले यो प्रक्रियामा सहायता खोजेकोमा यसको श्रेय उनीहरूलाई जान्छ। मानवअधिकारको संरक्षण र प्रवर्द्धन यो प्रक्रियाको केन्द्रमा रहोस् भन्ने सुनिश्चित गर्न मेरो कार्यालयले नेपालका जनतासँग मिलेर कार्य गर्नेछ भन्ने म पुष्टि गर्न चाहन्छु।

आगामी दिनहरूमा म प्रधानमन्त्री कोइरालालगायत सरकारका सदस्यहरू एवं नेपाल कम्युनिस्ट पार्टी (माओवादी)का अध्यक्ष र अन्य राजनीतिक दलसँग भेट गर्नेछु। म मानवअधिकार उल्लङ्घनका पीडितहरू तथा पीडित र तिनका परिवारहरूलाई प्रतिनिधित्व गर्ने समूहहरू, एवं व्यापक मानवअधिकार समुदाय र अन्य नागरिक समाजका प्रतिनिधिहरूसँग पनि भेट गर्नेछु।

मैले काठमाडौं बाहिर दुईटा भ्रमण मध्यपश्चिमाञ्चल क्षेत्रको नेपालगञ्ज तथा बर्दिया र मध्यमाञ्चल क्षेत्रको सिन्धुपाल्चोकमा गर्ने उत्सुकतापूर्वक अपेक्षा गरिरहेकी छु। मानवअधिकार सबैभन्दा जोखिममा परेका समुदायहरूमा तिनको स्थितिको अनुगमन गर्ने कार्य नेपालमा मेरो कार्यालयका उच्चतम प्राथमिकताहरूमध्ये परिरहने छ।

म यो सङ्क्रमणकालीन अवधिमा मानवअधिकारको संरक्षण र प्रवर्द्धनका लागि हामीले अति आवश्यक ठानेका तीनवटा मुद्दामा पनि ध्यान केन्द्रित गर्नेछु : बेपत्तासम्बन्धी नसुल्झिएका सबै मुद्दाको समाधान गर्ने आवश्यकतालगायत गम्भीर मानवअधिकार उल्लङ्घनहरूमा दण्डहीनताको अन्त्य गर्ने; मानवअधिकारको संरक्षणलाई मजबुत बनाउन अति आवश्यक साधनको रूपमा पूर्ण कार्यकारी कानुन कार्यान्वयन तथा फौजदारी न्याय प्रणालीको आवश्यकता; र लामो समयदेखिका भेदभाव तथा सामाजिक बहिष्करणलाई सम्बोधन गर्ने आवश्यकता।

द्वन्द्वको अन्त्य भएको छ, तर नेपालका सामुन्ने यो सङ्क्रमणको अवधिमा महत्वपूर्ण मानवअधिकार चुनौतीहरू छन् । नेपालको मेरो भ्रमण ती चुनौतीको सामना गर्न सहयोग गर्न नेपालका सरकार र जनतासँग मिलेर कार्य गर्ने मेरो कार्यालयको आफ्नो दायित्व पूरा गर्ने प्रतिवद्धताको अङ्ग हो ।

आगामी दिनहरूमा म मिडियाका लागि विभिन्न समारोहहरूमा उपलब्ध हुनेछु र प्रस्थान गर्नु अघि म अझ विस्तृत प्रेस सम्मेलन गर्नेछु ।

धन्यवाद ।